कलैया उपमहानगरपालिकाद्धारा प्रकाशित

# कलैया राजपत्र

खण्ड १, संख्याः मितिः २०७८/१०/०२

भाग-१

## इन्डक्सन चुल्हो वा ग्यास चुल्हो सिलिन्डर अनुदान बितरण गर्ने कार्यविधि - २०७८

कलैया उपमहानगरपालिका

कलैया, बारा

मधेश प्रदेश

नेपाल

*नगरसभामा प्रस्तुत मितिः २०७८/०९/३०* *नगरसभाबाट स्वीकृत मितिः २०७८/१०/०२* *प्रमाणीकरण मितिः २०७८/१०/०२*

Scanned with CamScanner

## इन्डक्सन चल्हो वा ग्यास चल्हो सिलिन्डर अनुदान बितरण गर्ने कार्यविधि - २०७८

**प्रस्तावनाः**

कलैया उपमहानगरपालिका क्षेत्र भित्र रहेका आर्थिक र सामाजिक रुपमा पछाडी परेका सिमान्तकृत, दलित, आदिवासी जनजाती, मधेसी, मुस्लीम तथा बिपन्न बर्गका यस नगर भित्र बसोवास गर्ने ब्यक्तिहरु तथा बिपन्न बर्गका सबै समुदायका महिलाहरुको स्वास्थ्यमा सुधार ल्याउन, महिलाहरुको घरायसी कार्यबोझ कम गरी आयआर्जनका कृयाकलापमा प्रेरीत गर्न र बिषेश गरी महिलाहरुलाइ दाउरा माथि रहेको परनिर्भर्ता घटाउन र खान पकाउने प्रयोजनको लागी प्रयोग गरीने इन्धनको सुनिश्चितता, नेपालको संविधानको धारा २२८ को उपधारा (२) तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५४ को कार्यन्वयनको लागि सोहि ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरी कलैया उपमहानगरपालिकाको घरायसी प्रयोजनको लागी धुवा रहित भन्साघर बनाउन इन्डक्सन चल्हो वा ग्यास सिलिन्डर र ग्यास चल्हो खरीद गर्न अनुदान बितरण गर्ने बाञ्छनीय भएकोले "इन्डक्सन चल्हो वा ग्यास चल्हो सिलिन्डर अनुदान बितरण गर्ने कार्यविधि - २०७८" आठौं नगरसभाबाट मिति २०७८/१०/०२ मा पारित गरी लागु गरीएको छ ।

### परिच्छेद - १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क. नामः इन्डक्सन चल्हो वा ग्यास चल्हो सिलिन्डर अनुदान बितरण गर्ने कार्यविधि - २०७८

ख. प्रारम्भः यो कार्यविधि कलैया उपमहानगरपालिकाको नगर सभावाट स्वीकृत भएको मितिवाट लागु हुने छ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

क. "प्रमुख" भन्नाले उपमहानगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

ख. "उप-प्रमुख" भन्नाले उपमहानगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्छ ।

Scanned with CamScanner

ग. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन बमोजिमको व्यवस्था भए बमोजिमको कर्मचारीलाई सम्झनु पर्छ ।

घ. "कार्यपालिका" भन्नाले उपमहानगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

ङ. "सभा" भन्नाले कलैया उपमहानगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

च. "ऐन" भन्नाले स्थानिय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनु पर्छ ।

छ. "वडा अध्यक्ष" भन्नाले कलैया उपमहानगरपालिकाको वडा अध्यक्षलाई सम्झनु पर्छ ।

ज. "वडा समिति" भन्नाले कलैया उपमहानगरपालिकाको वडा समितिलाई सम्झनु पर्छ

झ. "सदस्य" भन्नाले कलैया उपमहानगरपालिकाको कार्यपालिका सदस्य र नगर सभा सदस्यलाई सम्झनु पर्छ ।

ञ. "बितरण समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन हुने समितिलाई सम्झनु पर्छ ।

ट. "शाखा" भन्नाले कलैया उपमहानगरपालिकाको जिन्सी शाखालाई सम्झनु पर्छ ।

ठ. "संविधान" भन्नाले नेपालको संविधान २०७२ लाई सम्झनु पर्छ ।

ड. "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिम स्थापना भएको कलैया उपमहानगरपालिकालाई सम्झनु पर्छ ।

ढ. "संयोजक" भन्नाले यस ऐन बमोजिम गठित समितिको संयोजकलाई सम्झनु पर्छ ।

ण. "लाभग्राही" भन्नाले यस उपमहानगर क्षेत्र भित्र स्थायी रुपमा बसोबास गरीरहेका जनतालाई सम्झनु पर्छ ।

Scanned with CamScanner

## परिच्छेद - २

## इन्डक्सन चल्हो वा ग्यास चल्हो सिलिन्डर अनुदान बितरण गर्ने प्रकृया

३. लाभग्राही घरपरिवार छनौट प्रकृया -

क. वडा कार्यालयले अनुसूची - १ बमोजिम सात दिने सूचना प्रकासन गर्नेछ ।

ख. वडा स्तरीय कार्यक्रमको हकमा लाभग्राहीको घर परिवारको तथ्यांक अनुसूची - २ बमोजिम वडा कार्यालयमा प्रकासित सूचना अनुसार पर्न आएको निबेदन संकलन गरी वडा समितिको निर्णय बमोजिम अनुसूची -३ को ढाँचामा लाभग्राही छनौट गर्नु पर्नेछ ।

४. लाभग्राही घरपरिवार छनौटको आधार -

क. उपमहानगरपालिकाको स्थायी बासिन्दा

ख. एक बिघा भन्दा बढी जग्गा नभएको स्थायी बासिन्दा

ग. नेपाली नागरिकताको प्रमाणपत्र भएको नेपाली नागरीक

घ. परीवारको कुनै पनि सदस्य नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहका कर्मचारीको रुपमा कार्यरत नभएको ।

ङ. यस पुर्व त्यस किसिमको कुनै सेवा सुबिधा प्राप्त नगरेको ।

५. बितरण सम्बन्धी व्यवस्था -

क. लाभग्राही घरपरिवारलाई इन्डक्सन चुल्हो वा ग्यास चुल्हो सिलिन्डर अनुदान बितरण गर्न लाभग्राही छनौट गर्न तपसिलको समिति रहनेछ ।

तपसिल

| | |
|---|---|
| सम्बन्धीत वडाको वडा अध्यक्ष - | संयोजक |
| सम्बन्धीत वडाको वडा सदस्यहरु - | सदस्य |
| वडा सचिव - | सदस्य सचिव |

Scanned with CamScanner

६. खरीद र भुक्तानी सम्बन्धी ब्यवस्था -

क. बितरण समितिबाट अनुसूची - ३ बमोजिमको नाम स्वीकृत भएपछी सम्बन्धीत ब्यक्तिले इन्डक्सन चल्हो वा ग्यास चुल्हो सिलिन्डर खरिद गरी बिल र चुल्हो सहित देखिने गरी स-परिवारको फोटो सहित र अनुसूची-२ बमोजिम निबेदन पेस गर्नु पर्नेछ ।

ख. यस सम्बन्धीत अनुदान बितरण गर्न वडा अध्यक्ष/वडा सदस्य/वडा सचिवको नाममा पेश्की/भुक्तानी उपलब्ध गराइनेछ ।

ग. वडा अध्यक्ष/वडा सचिवले अनुसूची - २ बमोजिमको निबेदन र आवश्यक कागजात प्राप्त भए पछि बितरण समितिको निर्णयको आधारमा अनुसूची - ४ बमोजिमको भरपाई गराइ इन्डक्सन चल्हो वा ग्यास चुल्हो सिलिन्डर अनुदान रकम वडा अध्यक्ष/वडा सदस्य/वडा सचिवले लाभग्राहीलाई बितरण गर्ने छन्।

घ. लाभग्राहीलाई अनुदान वापत एकमुस्ट रु ४०००/- (अक्षरेपी रु. चार हजार मात्र ।) अनुदान उपलब्ध गराइनेछ ।

## परिच्छेद - ३
## विविध

७. दण्ड जरिवाना -

क. यदी कसैले नक्कली लाभग्राहीको रुपमा सेवा सुबिधा लिएको, बिक्री बितरण गरेको प्रमाणित भएमा बितरण समान जफत गरि कानून बमोजिम कार्वाही गरीनेछ ।

ख. अनुदान प्राप्त गरेको इन्डक्सन चल्हो वा ग्यास चुल्हो सिलिन्डर अन्य कुनै प्रयोजनको लागी प्रयोग गरीएको पाइएमा निजलाइ उक्त समाग्री बराबारको दण्ड जरीवाना गरी नगरबाट प्राप्त हुने सम्पुर्ण सेवा सुबिधा बन्द गरीनेछ ।

८. अनुगमन समिति -

क. इन्डक्सन चल्हो वा ग्यास चुल्हो सिलिन्डर खरिद अनुदान रकम लाभग्राहीले पाए/नपाएको वा अनुदान बितरण पछि कार्यक्रमको प्रभावकारीताको अनुगमन गर्न तपसिल बमोजिमको अनुगमन समिति रहनेछ ।

Scanned with CamScanner

तपसिल

नगर उप-प्रमुख - संयोजक

प्रमुख प्रशासकीय अधिकृत - सदस्य

योजना शाखा प्रमुख - सदस्य

आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

बाताबरण तथा बिपद ब्यवस्थापन शाखा प्रमुख - सदस्य सचिव

ख. माथि उल्लेखित समितिले इन्डक्सन चल्हो वा ग्यास चुल्हो सिलिन्डर खरीद गर्न अनुदान बितरण सम्बन्धी अनुगमन गर्नेछ ।

९. बाधा अडकाउ फुकाउने - यस कार्यविधिको उदेश्य कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा उपमहानगरपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउ गर्न आदेश जारी गर्नेछ । त्यस्तो आदेश उपमहानगरपालिकाले ३५ दिन भित्र अनुमोदन नगरे स्वत: निस्कृय हुनेछ ।

१०. संसोधन, खारेजी तथा बचाउ -

क. यस ऐन बमोजिम उल्लेख भएका कुरा यसै ऐन बमोजिम र उल्लेख नभएका कुरा प्रचलित कानून बमोजिम हुनेछ । संबिधान संग बाझिएका यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हद सम्म स्वत: निश्कृय हुनेछ ।

ख. यस ऐन बमोजिम उल्लेखित कुराहरुमा कुनै संसोधन गर्नु परेमा सम्बन्धीत प्रचलित ऐन नियमको परिधी भित्र रही नगर कार्यपालिकाले गर्न सक्ने छन् ।

ग. यस ऐन बमोजिम उल्लेखित कुराहरुमा हकमा यसै ऐन अनुसार र उल्लेख नभएका कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछ ।

घ. ऐनमा उल्लेख भएका कुराहरु नेपालको संबिधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४ र तत् सम्बन्धी ऐन नियमावली तथा कानुन संग बाझिएमा हद सम्म स्वत: निस्कृय हुनेछ ।

Scanned with CamScanner

अनुसूची - १

दफा ३ संग सम्बन्धीत

कलैया उपमहानगरपालिका

......... नं. वडा कार्यालय

................, बारा

मधेश प्रदेश, नेपाल

बिषय - इन्डक्सन चल्हो वा ग्यास चुल्हो सिलिन्डर अनुदानको लागी निबेदन पेस गर्ने सम्बन्धमा ।

श्री वडाबासी सबै

उपरोक्त सम्बन्धमा यस वडा भित्र स्थायी रुपमा बसोवास गर्ने तपसिलमा उल्लेख भएको प्रकृया पुरा भएको नागरीकले यो सूचना प्रकासित भएको मितिले ७ सात दिन भित्र इन्डक्सन चल्हो वा ग्यास चुल्हो सिलिन्डर अनुदानको लागी यस कार्यालयमा निबेदन दिन हुन अनुरोध गरीन्छ ।

तपसिल

क. उपमहानगरपालिकाको स्थायी बासिन्दा

ख. एक बिघा भन्दा बढी जग्गा नभएको स्थायी बासिन्दा

ग. नेपाली नागरिकताको प्रमाणपत्र भएको नेपाली नागरीक

घ. परीवारको कुनै पनि सदस्य नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहका कर्मचारीको रुपमा कार्यरत नभएको ।

ङ. यस पुर्व त्यस किसिमको कुनै सेवा सुबिधा प्राप्त नगरेको ।

..................................

वडा अध्यक्ष

Scanned with CamScanner

फोटो

अनुसूची - २

दफा ३ संग सम्बन्धीत

श्रीमान् वडा अध्यक्षज्यू
वडा नम्बर ...............
कलैया उपमहनगरपालिका, बारा

बिषय - इन्डक्सन चल्हो वा ग्यास चुल्हो सिलिन्डर अनुदान कार्यक्रममा सहभागी गराइ पाउँ ।

महोदय,
प्रस्तुत बिषयमा ताँहा वडा कार्यालय/नगरपालिकाबाट प्रकासित सूचना बमोजिम म तथा मेरो परिवारले तोकिएको लक्षित बर्ग भित्र पर्ने भएकोले इन्डक्सन चल्हो वा ग्यास चुल्हो सिलिन्डर अनुदान सहितको सुबिधा प्राप्त गर्नको लागी म योग्य भएकाले फोटो सहित यो निबेदन पेस गरेको छु । मेरो घर परीवारको बिस्तृत बिबरण सहितको फोटो यसै साथ संलग्न राखी पेस गरेको छु । नियमानुसार अनुदान वापत पाउने रकम उपलब्ध गराइदिन हुन अनुरोध गर्दछु ।
तपसिल

क. घरमुलीको नाम थर ..............

ख. परिवारीक विवरण ................

| सि.नं. | नाम, थर | नाता | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |
| ८. | | | |
| ९. | | | |
| १०. | | | |

Scanned with CamScanner

जम्मा परिवार संख्या -

ग. घरको अवश्था

I) पक्की II) कच्ची III) टहरो IV) नभएको V)अन्य

घ. आम्दानीको श्रोत

I) कृषि II) जागिर III) अधोग धन्दा IV)मजदुरी V) अन्य

ङ. खाना पकाउन प्रयोग गरीने समाग्री

I) दाउरा II) गुइर गोइठा III)गोबर ग्यास IV) ग्यास V)अन्य

माथि मैले उल्लेख गरेका बिबरण ठीक साँचो हो, फरक पर्ने छैन । यो सुबिधा लिनु पुर्व मैले त्यस्ता कुनै किसिमको सुबिधा लिएको छैन । फरक परेमा प्रचलित नियम कानुन बमोजिम सहुला बुझाउला । तपसिलका कागजात सहित निबेदन दिएको ब्यहोरा ठिक साचो हो भनी प्रमाणित गर्दछु ।

निबेदकको नाम, थर

ठेगाना -

सम्पर्क नम्बर -

हस्ताक्षर -

| दाँया | बाँया |
|---|---|
| | |

Scanned with CamScanner

अनुसूची - ३

दफा ६ (क) संग सम्बन्धीत

छनौट समितिबाट छनौट भएका लाभग्राही र घर परीवारको बिबरण

| सि.नं. | लाभग्राहीको नाम, थर | ठेगाना | घर भए/नभएको | जागिर भए/नभएको | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

छनौट समितिका पदाधिकारीको हस्ताक्षर

तपसिल

सम्बन्धीत वडाको वडा अध्यक्ष - संयोजक

सम्बन्धीत वडाको वडा सदस्यहरु - सदस्य

वडा सचिव - सदस्य सचिव

Scanned with CamScanner

अनुसूची - ४
दफा ६ संग सम्बन्धीत

इन्डक्सन चल्हो वा ग्यास चुल्हो सिलिन्डर अनुदान बितरण गर्ने बितरण भरपाइ

| सि.नं. | लाभग्राहीको नाम, थर | ठेगाना | अनुदान वापतको रकम | बुझिलिनेको सही छाप | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

रोहबर

सम्बन्धीत वडाको वडा अध्यक्ष - संयोजक

सम्बन्धीत वडाको वडा सदस्यहरु - सदस्य

वडा सचिव - सदस्य सचिव

आज्ञाले
नाथु साह
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner